जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ४६ • २०८२ मंसिर २२ गते सोमवार • 8 Dec. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# प्रदेशस्तरीय लैंगिक समानता मेला मंसिर २२ देखि

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ मंसिर**



१६ दिने लैंगिक हिंसा विरुद्धको अभियान संचालन भइरहेको बेला सोमबारदेखि जनकपुरधाममा दुई दिने प्रदेशस्तरीय लैंगिक समानता मेला आयोजना हुन लागेको छ ।

लैंगिक समानतापूर्ण नेपाल निर्माण गर्ने उद्येश्यले मंसिर २२ र २३ गते दुई दिने प्रदेशस्तरीय लैंगिक समानता मेला आयोजना हुन लागेको हो ।

जनकपुरधाम-८ स्थित मैथिली विकास कोषको भवनमा आयोजना हुन लागेको मेलामा सृजनशिलता, कला, मनोरञ्जनात्मक खेल, संस्कृति मैत्री तथा प्रविधिमैत्री कृयाकलापहरु गरिने भएको छ । खेलकूद तथा समाज कल्याण मन्त्रालय मधेश प्रदेश सरकारको संयोजनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नेपाल सरकार अन्तर्गतको लैंगिक हिंसा अन्त्यको लागि पुरुष संजाल, राष्ट्रिय महिला आयोग र मधेशी आयोगसँगको सहकार्य तथा बेलायत सरकारको आर्थिक सहयोगमा पिपुल इन नीड, दाजुभाइ र दिव्य विकास श्रोत केन्द्रको संयुक्त साझेदारीमा संचालन भइरहेको सुरक्षा र न्याय कार्यक्रम अन्तर्गत सो मेला आयोजना गरिएको हो ।

मधेश प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय धनुषाले मेलामा लैंगिक हिंसा सम्बन्धी कानूनी साक्षरताका बारेमा जानकारी बुथ राखिने छ भने विभिन्न संघसंस्थाहरुले मनोरंजनात्मक तथा अन्तरक्रियात्मक कृयाकलापहरु आयोजना गर्ने हामी दाजुभाईका परियोजना व्यवस्थाक सुमिक्षा खड्काले जानकारी दिइन् ।

मेलाले सहभागीहरुले साँप-सिढी, डार्ट खेल, मेहन्दी बुथ, नीति बुथ, बाल अफ एभिडेन्स, फोटो बुथ, प्रतिबद्धताको रुख, खजाना खोज लगायतका खेल गतिविधिहरुबाट लैंगिक समानता र हिंसा सम्बन्धी सन्देशको प्रत्यक्ष अनुभव गर्ने अवसर दिएको खड्काले बताइन् । खेलमा सहभागी भएर जित हासिल गर्नेलाई उपहारसमेत प्रदान गरिने भएको छ ।

मधेशमा लैंगिक हिंसा न्युनिकरणमा यस प्रकारको मेलाले जनचेतना फैलाउन सहयोग पुग्ने खेलकूद तथा समाज कल्याण मन्त्रालयका समाज कल्याण महाशाखा प्रमुख निर्मला मिश्रले बताइन् । यस प्रकारको मेलाले लैंगिक हिंसाको विषयमा सरोकारबालाबीच एकरुपता ल्याउनका साथै हाल निर्माण वा कार्यान्वयन भइरहेको नीतिहरुबारे सुझाव संकलन गर्न र जीवन्त अनुभव तथा नीतिगत प्रावधान बीचको अन्तर घटाउन सहयोग पुग्ने विश्वास मिश्रले व्यक्त गरिन् ।

आयोजकहरुले आइतबार बिहान जनकपुरधाममा एक पत्रकार सम्मेलनको आयोजना गरेर सोमबार र मंगलबार हुने दुई दिने मेलाको तयारी र हुने कृयाकलापबारे जानकारी गराएको थियो ।

# सर्वदलीय बैठक बिना निष्कर्ष सकिए

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ मंसिर**



मधेस प्रदेश सरकार गठनको प्रक्रियासँगै मन्त्रालयको भागबन्डा मिलाउन बोलाइएको सर्वदलीय बैठक बिना निष्कर्ष सकिएको छ। आइतबार बिहान बोलाइएको बैठक मन्त्रालय बाँडफाँडमा सहमति नजुटेपछि छोटो समयमै टुंगिएको हो ।

माओवादी केन्द्रका संसदीय दलका नेता भरत साहका अनुसार मन्त्रालय भागबन्डा संवेदनशील विषय भएकाले दलहरूबीच विस्तृत छलफल आवश्यक छ। तर आजै मुख्यमन्त्री र मन्त्रीहरूको शपथग्रहणको कार्यतालिका भएकाले बैठक चाँडै सकिएको उनले बताए । "समय अभावका कारण बैठक लामो हुन सकेन," नेता साहले भने, "शपथग्रहण सम्पन्न भएपछि मन्त्रालयको भागबन्डाबारे फेरि छलफल गरी अन्तिम टुंगो लगाइनेछ।" दलहरूसँग मन्त्रालय भागबन्डाका विषयमा अझै समन्वय बाँकी रहेकाले दोस्रो चरणको बैठक निर्णायक हुने जनाइएको छ।

# जनकपुरधाममा 'सशक्तिकरण : विश्वास, निर्माण र टिमवर्क' कार्यशाला सम्पन्न

**आरजे इर्शाद शेख**
**जनकपुरधाम, २१ मंसिर**



मधेश प्रदेशको जनकपुरधामस्थित होटल वेलकममा 'सशक्तिकरण : विश्वास, निर्माण र टिमवर्क' विषयलाई केन्द्रीय बनाएर आयोजित कार्यशाला सफलतापूर्वक सम्पन्न भएको छ। समुदायमा शान्ति, सहकार्य र समावेशी सहभागिता बढाउँदै दीगो सामाजिक विकासलाई प्रोत्साहन गर्ने उद्देश्यले सपोर्ट नेपालले आयोजना गरेको उक्त कार्यक्रम KURVE Wustrow को सहयोगमा सम्पन्न भएको हो।कार्यक्रममा समुदायका प्रतिनिधि, युवा, महिला समूहका सदस्य तथा स्थानीय सरोकारवालाको सहभागिता रहेको आयोजकले जानकारी दिएका छन्।

बाँकी पृष्ठ ४ मा

# मधेश प्रदेशका मुख्यमन्त्रीको रुपमा यादवको सपथ ग्रहण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ मंसिर**




मुख्यमन्त्री कृष्ण प्रसाद यादवले मधेश प्रदेशका मुख्यमन्त्रीको रुपमा सपथ ग्रहण गरेका छन्। उनलाई प्रदेश प्रमुख डा सुरेन्द्र लाभले मधेस भवन भित्र एक समारोह बीच पद तथा गोपनियताको सपथ ग्रहण गराएका हुन्।

उनी संगै महेश प्रसाद अर्थ मंत्री , जंगी लाल यादव विनाबिभागिय मंत्री र कनिष पटेल विनाबिभागिय मंत्री को सपथ लिएको छ। यी मन्त्रालय बाहेक अहिले सबै मन्त्रालय मुख्यमन्त्री सबै आफ्नै जिम्मामा राखेका छन् । यसै बीच सहमती भए लगतै अन्य मन्त्रालय र मन्त्रीको टुंगो लाग्ने बताइएको छ। मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्ण यादवको शपथग्रहण ऐतिहासिक बनेको जिकिर गरिएको छ । पहिलोपटक पाँचजना पूर्वमुख्यमन्त्रीहरूले शपथ ग्रहण कार्यक्रममा सहभागिता जनाएका छन्, जसले प्रदेशको राजनीतिक परिदृश्यमा नयाँ ऐतिहासिक मोडको संकेत दिएको छ । प्रदेश प्रमुखको कार्यालयमा आयोजित शपथग्रहण कार्यक्रममा पूर्वमुख्यमन्त्री लालबाबु राउत, सरोज यादव, सतिश सिंह,जितेन्द्र सोनल र सरोज यादवसहित कांग्रेस र मधेस केन्द्रित अन्य दलका उच्च तहका नेताहरू उपस्थित थिए।

कार्यक्रममा सहभागी सबै नेताहरूले शपथ खाएपछि मुख्यमन्त्री यादवलाई बधाइ दिएका थिए। यस शपथग्रहणको महत्व केवल राजनीतिक प्रतिनिधित्वमा सीमित छैन । यसले मधेस प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया सुदृढ बनाउने संकेत दिएको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
ESTD-2048
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवृद्धको स्तर
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# मतपत्रमा छाप लगाउनुअघि सोच्न जरुरी

*राष्ट्रिय स्वार्थलाई व्यक्तिगत र दलगत स्वार्थमा प्रयोग नगरियोस् भनेर सतर्क हुनु आवश्यक रहेको देखिन्छ । राष्ट्रवाद हारिरहेकाले नेपालमा आजको परिस्थिति उत्पन्न भएका छन । दलीय राजनीतिको सत्तामोहलाई यसको कारक मानिएका छन । राष्ट्रवाद बलियो नहुँदाको परिणाम आज हामीले भोगिरहेका छौं । दुई दिनको जेनजी विद्रोहले दुई तिहाइको सत्ताको जरोकिलो उक्किनु भनेको राष्ट्रवादको जग बलियो नहुँदाको परिणाम छ । त्यसलाई फेरि लिकमा ल्याउने काम पनि दलीय राजनीतिकै हो, सुधारिएको दलले हो, अरू कसैले ल्याइदिदैंन । जेनजी विद्रोहपछि नेपाली सेनाले त राष्ट्रवादलाई संरक्षण गर्न वा हार्न नदिन आफ्नो जिम्मेवारी पूरा गरेको मात्रै छ ।*

*राष्ट्रवाद बलियो बनाउन चुनावलाई नै उपयोग गर्नुपर्छ । चुनावको माध्यमबाट नागरिकले नै राष्ट्रवाद र प्रजातन्त्रको संरक्षण र प्रवर्धन गर्ने छ । अबको चुनावबाट आउने सत्ता दुई दिनको विद्रोहले नढलोस्, दलीय शासनबाट राष्ट्रवाद कमजोर नहोस् भन्नेतर्फ सतर्कता अपनाउनु नागरिक दायित्व पनि छ । राष्ट्रवाद कमजोर बनाउने अक्षम नेतृत्व फेर्ने ताकत नागरिकसँग मात्र हुन्छन । दलले उम्मेदवार छनोट गरेदेखि प्रतिनिधि चयन गर्दासम्म त्यस विषयमा ख्याल आवश्यक रहेको देखिन्छ । कस्ता पात्र र प्रवृत्तिले विगतमा सत्तामा कब्जा जमाउँदै आए, त्यसले राष्ट्रलाई कति नोक्सान पुग्यो भन्ने विषय मतपत्रमा छाप लगाउनुअघि सोच्न आवश्यक रहेको देखिन्छ । अन्तमा अब पनि दया र द्रव्यले पात्र छान्न थालियो भने पछुताउने समय पनि बाँकी नरहने देखिन्छ ।*

# मधेस प्रदेश सरकारद्वारा विभिन्न महत्वपूर्ण निर्णयहरू

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ मंसिर**



मधेस प्रदेश सरकारले विभिन्न महत्त्वपूर्ण निर्णयहरू गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका अघिल्ला केही निर्णयहरू खारेज गर्नुका साथै जिम्मेवारी हेरफेर र विपद् व्यवस्थापन सम्बन्धी कामलाई तीव्रता दिने निर्णय गरेको छ।

प्रदेश सरकारका २०८२ साउन २३ देखि २०८२ भदौ १९ गतेसम्म बसेका मन्त्रिपरिषद्रु बैठकबाट भएका सम्पूर्ण निर्णयहरू बदर गरिएका छन्। साथै २०८२ साउन २३ मा गठित मन्त्रिपरिषद्को कार्यकालमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालयबाट भएका नियुक्ति, जिम्मेवारी हस्तान्तरण तथा थप जिम्मेवारी तोक्ने सम्बन्धी निर्णयहरू पनि खारेज गरिएको छ।

यस्तै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका प्रदेश सचिव जयकुमार श्रीवास्तवलाई अर्को व्यवस्था नभएसम्म आन्तरिक प्रशासन, आर्थिक अधिकारसहित सचिवस्तरीय जिम्मेवारी प्रदान गर्ने निर्णय गरिएको छ। मन्त्रिपरिषद्ले नागरिकको जीवन रक्षालाई सर्वोच्च प्राथमिकता दिने निर्णय गर्दै आउँदो वर्षायाममा डेंगु, झाडापखाला, हैजाजस्ता रोगको नियन्त्रण, औषधि तथा आवश्यक स्वास्थ्य सामग्रीको उपलब्धता, साथै आवश्यक थप बजेट व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको छ। त्यसैगरी बाढी, डुबान, आगलागीलगायत प्राकृतिक विपद्का जोखिम उच्च रहेकाले पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यहरू प्रभावकारी रूपमा अघि बढाउन गृह, सञ्चार तथा कानुन मन्त्रालय, प्रदेश विपद् व्यवस्थापन कार्यसमितिलगायत सम्बन्धित निकायलाई आवश्यक समन्वय र सहकार्य गर्न निर्देशन दिइएको छ।

# विद्युत् ट्रान्सफर्मर चोरीमा संलग्न गिरोह पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ मंसिर**

विद्युत् ट्रान्सफर्मर चोरीमा संलग्न गिरोह पक्राउ परेपछि सर्लाहीका कृषकले केही राहत महसुस गरेका छन्। जिल्लाका विभिन्न १७ स्थानमा ट्रान्सफर्मर चोरी गर्ने गिरोहका नौ जनालाई प्रहरीले मंसिरको पहिलो साता पक्राउ गरेको थियो। सिँचाइका लागि खेत-खेतमा जडान गरिएका ट्रान्सफर्मर चोरी हुँदा किसान, नेपाल विद्युत् प्राधिकरण र प्रहरी हैरान भइरहेका थिए।

ट्रान्सफर्मर चोरी भएपछि किसान सिँचाइ सुविधाबाट वञ्चित हुनुपरेको थियो। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) योगेन्द्रकुमार खड्काले ट्रान्सफर्मर चोरीमा संलग्न नौ जनालाई पक्राउ गरेपछि चोरीको दबाब र तनावबाट मुक्ति मिलेको बताए। हालसम्मको अनुसन्धानमा यस घटनामा अझै केही व्यक्तिको संलग्नता देखिएकाले फरार रहेकाहरूको खोजी जारी रहेको उनले जानकारी दिए। पक्राउ परेकामध्ये चार जना भारतीय नागरिकसमेत छन्। पक्राउ पर्नेमा इलामको माइजोगमाई गाउँपालिका-४ का २८ वर्षीय दुर्गा अधिकारी, सिन्धुपाल्चोकको पाखर गाउँपालिका-१ का ४२ वर्षीय सोनाम लामा, महोत्तरी बर्दिवास नगरपालिका-३ का ५३ वर्षीय बुधे माझी, पर्सा वीरगञ्ज महानगरपालिका-१६ का ३३ वर्षीय दिलीपकुमार ओझा र बाराको जितपुरसिमरा उपमहानगरपालिका-६ का ३९ वर्षीय कृष्ण श्रीवास्तव रहेका छन्।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कुम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# अत्यधिक चिसो : यो मुलुकको ७० प्रतिशत भूभाग ढाकियो हिउँले

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ मंसिर**



मङ्गोलियाको बायान-उल्गी, उभ्स र खोभ्द जस्ता पश्चिमी प्रान्तहरूमा अत्याधिक चिसो सुरु भएको छ, जसका कारण यस वर्ष देशले अत्यधिक जाडो मौसम 'मशगम' अनुभव गर्ने सम्भावना रहेको राष्ट्रिय मौसम विज्ञान तथा वातावरणीय अनुगमन निकायले जनाएको छ।

मशगम एक मङ्गोलियाली शब्द हो जसले जमिन जमेको वा बाक्लो हिउँले ढाकिएको कारणले गर्दा ठूलो संख्यामा पशुधन मर्दा हुने अत्यधिक चिसो जाडोलाई वर्णन गर्दछ। मङ्गोलिया लामो, चिसो जाडो र छोटो गर्मी हुने कठोर महाद्वीपीय हावापानीका लागि परिचित छ।

मशगमको हालै गरिएको जोखिम मूल्याङ्कनले देखाए अनुसार, देशको कुल भूभागको लगभग २० प्रतिशत यस जाडोमा मशगम अनुभव गर्ने उच्च जोखिममा छ भने ३० प्रतिशतभन्दा बढी भूभाग मध्यम जोखिममा रहेको छ। शनिबारसम्म देशको कुल भूभागको ७० प्रतिशतभन्दा बढी भाग ३० सेन्टिमिटरसम्म बाक्लो हिउँले ढाकिएको छ, जसले गर्दा यस जाडोमा अत्यधिक जाडो मौसम (मशगम) अनुभव गर्ने उच्च जोखिम बढेको हो।

# 'बिग बोस १९' को ग्रान्ड फिनाले आज, यस्तो छ ५ जनाको फाइनल लिस्ट ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ मंसिर**




चर्चित रियालिटी शो 'बिग बोस १९' अहिले अन्तिम चरणमा छ। शोका होस्ट सलमान खानले विजेताको नाम घोषणा गर्नेछन्। दर्शकहरू त्यो पलको प्रतीक्षामा छन्।

शोको ट्रफीका लागि शीर्ष ५ जना प्रतिस्पर्धीहरूबिच कडा प्रतिस्पर्धा हुनेछ। सामाजिक सञ्जालमा अहिले फिनालेलाई लिएर फ्यानहरूमाझ ठूलो चर्चा परिचर्चा छ। समाचारका अनुसार 'बिग बोस १९' को ग्रान्ड फिनाले ७ डिसेम्बर, २०२५ (आज) हुनेछ।

ओटीटीका दर्शकहरूका लागि जियो सिनेमा र डिज्नी लाइभ प्रसारण हुनेछ। टेलिभिजन दर्शकहरूका लागि कलर्स टिभीले राति १०: ३० बजेबाट प्रसारण गर्नेछ। शोको सुरुवात २४ अगस्ट, २०२५ मा भएको थियो। सुरुमा शोमा १८ जना प्रतिस्पर्धीहरू सहभागी थिए। अहिले ५ प्रतिस्पर्धी बाँकी छन्।

गौरव खन्ना, अमाल मलिक, तान्या मित्तल, फरहाना भट्ट र प्रणित मोरे प्रतिस्पर्धी छन्। फिनालेमा विजेता घोषणा अघि विभिन्न साङ्गीतिक तथा नृत्य प्रस्तुतिहरू हुनेछन्। कार्यक्रमको अहिलेसम्म पुरस्कार राशिको आधिकारिक घोषणा भएको छैन। अघिल्ला सिजनहरूमा सामान्यतया विजेतालाई करिब ५०/५५ लाख भारतीय रुपैयाँ र ट्रफी दिइने गरिएको थियो।

# निजी क्षेत्रलाई टाढा राखेर अर्थतन्त्र उकास्न सकिँदैन: चन्द्र ढकाल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ मंसिर**



नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) का अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई नीति निर्माण र आर्थिक एजेन्डामा सहभागी नगराएसम्म देशको अर्थतन्त्र सबल बन्न नसक्ने बताएका छन्।

आइतबार काठमाडौंमा नेपाल आर्थिक पत्रकार समाज (नाफिज) को १६औँ वार्षिक साधारण सभा तथा पुरस्कार वितरण समारोहमा बोल्दै उनले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण नेपालमा फरक रहेको भन्दै निजी क्षेत्रलाई भरसक कुनैपनि नीति निर्माणमा सहभागी नगराउने प्रचलनको अन्त्य गर्नुपर्ने बताए।

अध्यक्ष ढकालले कुनैपनि परिवर्तनपछि आर्थिक र नीतिगत पक्षमा एक भएर अघि बढ्ने कुरामा नेपाल पछि परेको जिकिर गरे। उनले भने "हामी कहाँ के छ भने प्राइभेट सेक्टरलाई हेर्ने दृष्टिकोण र प्राइभेट सेक्टरलाई सहभागी गराउने कुरा भरसक नगराउने चलन छ। त्यसैको फलस्वरुप चाहे कुनैपनि आन्दोलनबाट व्यवस्था परिवर्तन हुँदाखेरि पनि हाम्रा पोलिसीगत कुराहरु र खास गरेर इकोनोमिक एजेण्डामा अगाडि बढ्ने कुरामा हामी पछाडि परेका छौँ।

जबसम्म निजी क्षेत्रलाई सँगसँगै लिएर अगाडि जान सकिँदैन, निजी क्षेत्रलाई टाढा राखेर बनाउने हरेक पोलिसीहरु प्रभावकारी बन्दैनन्। इकोनोमिक एक्टिभिटी बढाउने कुरा सम्भव हुँदैन। यो प्रमाणित पनि भइसकेको छ। जबसम्म कलेक्टिभ हिसावको एप्रोचमा जान सक्दैनौ तबसम्म वास्तवमा हामीले रियल खोजेको रिजल्ट आउन सक्दैन।"

अध्यक्ष ढकालले आन्तरिक पुँजी परिचालन गरेर धेरै ठूला आयोजनाहरू बनाउन सकिने सम्भावना रहेको बताए। उनले नेपालमा केही सम्भावना छैन भन्ने स्थानबाट नेपालमै सम्भावना छ भन्ने सन्देश आफूहरूले दिन सकेको पनि उल्लेख गरे।

# चितवनले पोखरालाई दियो १२१ रनको लक्ष्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ मंसिर**



सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)को लिग चरणको अन्तिम खेल 'लो स्कोरिङ' थ्रिलर बन्दा कर्णाली याक्सले डिफेण्डिङ च्याम्पियन जनकपुरमाथि ३ रनको रोमाञ्चक हात पारेको छ।

कर्णाली याक्सले दिएको १३० रनको लक्ष्य पछ्याएको जनकपुर बोल्ट्सले पूरै २० ओभर खेल्दै ७ विकेट गुमाएर १२६ रन मात्र बनाउन सक्यो। यस सिजन दोस्रो जित हात पारेको कर्णालीले ७ खेलबाट ४ अंक जोड्दै छैटौं स्थानमा रहेर लिग सकायो। चितवन राइनोज समान ४ अंक भए पनि कर्णाली नेट रनरेटमा अघि रहेको हो। डिफेण्डिङ च्याम्पियन जनकपुरले भने ७ खेल खेल्दा जम्मा एक खेल मात्र जित्यो र २ अंकसहित पुछारमा रह्यो। जनकपुरले यस संस्करण चितवनलाई मात्र पराजित गरेको थियो।

जनकपुरका लागि कृष्णमुर्तीले ३९ बल खेल्दै १ चौका र ४ छक्का मद्दतमा सर्वाधिक ५१ रन बनाए पनि जितका लागि पर्याप्त भएन। यस्तै संगीथ कुरले ३२ बलमा २५ रन जोडे। २९ रनमा ४ विकेट गुमाएको जनकपुरका लागि कृष्णमूर्ति र संगीथ कुरेले ७५ रनको साझेदारी गर्दै इनिङ्स अगाडि बढाएका थिए। कुरेलाई १७औं ओभरको अन्तिम बलमा कर्णालीका कप्तान सोमपाल कामीले आउट गरेपछि खेल रोमाञ्चक बनेको थियो।





अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# यसै पटक सम्भव छ अन्तरजिल्ला निर्वाचन

-नेपालमा बसाइँसराइका कारण लाखौं नागरिक मताधिकारबाट वञ्चित भइरहेका छन्, जसको समाधानका लागि अन्तरजिल्ला निर्वाचन आवश्यक छ। प्राविधिक जटिलता नभएकोले अब राजनीतिक इच्छाशक्ति र समन्वयको खाँचो छ, जसले गर्दा आगामी निर्वाचनमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सकिन्छ। अन्तरजिल्ला निर्वाचनले मात्र नभई बाह्य मतदानको व्यवस्था पनि समान रूपमा महत्त्वपूर्ण छ, ताकि नेपालको लोकतान्त्रिक अभ्यास अझ समावेशी र प्रभावकारी बनोस्। नेपालका निर्वाचनसम्बन्धी कानुन बसाइँसराइको प्रवृत्तिलाई मध्यनजर गरेर बनाइएका छैनन्, जसकारण लाखौं नेपाली आफ्नो मताधिकारबाट वञ्चित हुने गरेका छन् ।

२०७९ को निर्वाचनमा कुल १ करोड ७९ लाख अर्थात् ६१.५ प्रतिशत मत खसेको थियो । तर १ करोड १२ लाख मत किन खसेन ? यो प्रश्न सायद २०७९ को मतगणनापश्चात् गरिनुपर्ने थियो । र, राष्ट्रिय जनगणना २०७८ ले नै यस प्रश्नको आंशिक जवाफ प्रदान गर्थ्यो होला । यो विषय मूलभूत रूपमा अन्तरजिल्ला मतदानको सुविधासँग जोडिन्छ । यस किसिमको मतदानलाई पेचिलो र कार्यान्वयनका लागि कठिन ठानिएको भए पनि थोरै मिहिनेत गर्दा यसपालि नै गर्न सकिन्छ । यसका लागि आवश्यक पर्ने राजनीतिक सहमति, प्राविधिक तयारी र कार्यान्वयनका चरणलाई अहिले आयोगले अघि बढाइरहेको कार्यतालिकासँगै मिलाएर अघि बढाउन सकिन्छ ।

बसाइँसराइका कारण लाखौं नागरिक मताधिकारबाट वञ्चित भइरहेको स्थितिमा अन्तरजिल्ला मतदानमा विलम्ब गर्न कुनै पनि प्राविधिक जटिलता बाँकी छैन । बाँकी छ त केवल राजनीतिक इच्छाशक्ति । बसाइँसराइको प्रवृत्तिः राष्ट्रिय तथ्यांक विभागले प्रकाशन गरेको नेपालको आन्तरिक बसाइँसराइसम्बन्धी प्रतिवेदनअनुसार, ८२ लाखभन्दा बढी नेपाली अर्को जिल्लामा बसाइँ सरेका छन् । अर्थात्, कुल जनसंख्याको २९.२ प्रतिशत व्यक्ति आफ्नो स्थायी ठेगानामा बसोबास गर्दैनन् । दसवर्षे द्वन्द्व, राजनीतिक प्रणालीको पुनःसंरचना र २०७२ को भूकम्पपश्चात् जनसंख्याको संरचनामा देखिएको अभूतपूर्व परिवर्तनलाई कानुनले समेटेको छैन । विभागको प्रतिवेदन अनुसार १८ वटा जिल्लाले त्यहीँ जन्मिएका २० प्रतिशत जनसंख्या गुमाएका छन् र कुनै पनि जिल्लाबाट बाहिर बसाइँसराइ नभएको स्थिति छैन । यो बसाइँसराइको प्रवृत्ति सहरकेन्द्रित छ । ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतर्फको बसाइँसराइ ५१.३ प्रतिशत छ । जसरी जनसंख्या स्थानान्तरण भएको छ, त्यसरी नै हाम्रो लोकतान्त्रिक संरचना भने अद्यावधिक भएको छैन । प्रश्न केवल बसाइँसराइको होइन, मताधिकारमा पहुँचको हो । विशेषतः शिक्षा, स्वास्थ्य र रोजगारीका कारण मानिस नयाँ बासस्थानको खोजीमा निस्किने गरेका छन् । यो खोजी स्वतन्त्र चाहना मात्रै नभई बाध्यता पनि हुने गरेको छ । जब कसैले आफ्नो स्थायी क्षेत्रमा उपयुक्त सुविधा प्राप्त गर्दैनन्, उनीहरू त्यसको प्राप्तिका लागि बसाइँ सर्न बाध्य हुने गर्छन् । यस्तो बाध्यता जनप्रतिनिधिले जनताको बृहत् हितका लागि काम नगरिदिँदा उत्पन्न भएको स्थिति पनि हो । यस्तो अवस्थालाई बदल्ने महत्त्वपूर्ण औजारमध्ये 'मत' हो । त्यही 'मत' सुनिश्चित गर्न अन्तरजिल्ला मतदान आवश्यक छ ।



जुन समूहको बसाइँसराइ भएको हुन्छ, त्यही समूहलाई त्यहाँको राजनीतिक संरचनामा आफ्नो मत र पहुँच सुनिश्चित गराउन नसक्दा दोहोरो ढंगबाट पीडित बन्न पुग्छ । पहिलो, सेवा अभावका कारण घर छोड्न बाध्य भएर । दोस्रो, आफ्नो थलोको राजनीतिक संरचनामा भाग लिन नपाएर । यो दुष्चक्रबाट नेपाल र नेपालीलाई निकास दिने उपाय भनेको अन्तरजिल्ला निर्वाचन नै हो । निर्वाचनको संरचनाः अहिले सरोकारवाला कसैले पनि अन्तरजिल्ला निर्वाचन वा विदेशमा रहनु हुने नेपालीको मताधिकारलाई नकार्दैनन् । तर, सबै संवाद केवल तीन वटा बुँदामा गएर अड्किन्छ-राजनीतिक सहमति, कार्ययोजना र समय ।

राजनीतिक सहमति जुटाउन दल, निर्वाचन आयोग र अन्तरिम सरकारले अन्तरजिल्ला र बाह्य निर्वाचनकेन्द्रित भएर बैठक बस्नै पर्छ । छलफल भएपछि निकास निस्किन्छ । जबसम्म सरकारको नेतृत्वले यसलाई कार्यान्वयनमा लैजान दृढ पहल गर्दैन, आयोगले पनि प्राथमिकतामा राख्दैन । त्यसैले आगामी निर्वाचनलाई पारदर्शी, निष्पक्ष र भयरहित मात्र नभई साँच्चै नै पहुँचयुक्त बनाउने हो भने प्रधानमन्त्रीले नै यसको नेतृत्व लिनुपर्छ । यदि कुनै राजनैतिक दलले यसको विरोधमा आफ्नो प्रस्ताव राख्छन् भने त्यसबारे जानकारी पाउने हक जनताको पनि हुनेछ । त्यस समयमा दललाई जवाफदेही बनाउने कार्य दलका सदस्य र जनताको हुनेछ । यदि सहमति जुटेन भने कारण पनि खुल्न आवश्यक छ, ताकि आगामी निर्वाचनमा मतदातालाई उचित नेतृत्व र पार्टीलाई समर्थन गर्न थप आधारसमेत बन्नेछ । अन्तरजिल्ला निर्वाचनः समय र कार्ययोजनाः अन्तरजिल्ला निर्वाचन सम्भाव्यता केवल सिद्धान्तमै सीमित छैन । आयोगकै अहिलेको कार्यतालिकासँग दाँजेर हेर्दा पनि एउटा स्पष्ट र चरणबद्ध कार्ययोजना देखिन्छ । पहिलो, मतदाताको अस्थायी मतदान स्थलबारे तथ्यांक संकलन गर्नुपर्छ । यसका लागि आयोगको वेबसाइट मार्फत विवरण संकलन गर्न सकिन्छ । राष्ट्रिय परिचयपत्रमार्फत त्यस्ता विवरणलाई प्राविधिक रूपमा वा कुनै पनि वडा वा जिल्ला निर्वाचन आयोग मार्फत समेत रुजु गर्ने व्यवस्था राख्न सकिन्छ ।

साभार : कान्तिपुर ।

## जनकपुरधाममा 'सशक्तिकरण...........

सहभागीहरूलाई विश्वास निर्माणका उपाय, समूहगत समन्वय, सहकार्य र टिमवर्कका आधुनिक विधिबारे व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो। कार्यक्रमका प्रशिक्षकहरूले समुदायमा देखा परेका चुनौती, वैमनस्यता न्युनिकरण तथा दिगो शान्ति स्थापनाका लागि आवश्यक रणनीतिबारे विस्तृत रूपमा प्रस्तुति दिए ।

सहभागीहरूले कार्यशालाले समुदायमै सकारात्मक परिवर्तन ल्याउन प्रेरणा प्रदान गरेको प्रतिक्रिया व्यक्त गरेका छन्। सपोर्ट नेपालका अनुसार आगामी दिनमा पनि यस्ता कार्यक्रम सञ्चालन गरिनेछ, जसले स्थानीयस्तरमा शान्ति, सहकार्य र समावेशी सहभागितालाई सुदृढ गर्ने अपेक्षा गरिएको छ।कार्यक्रममा मटिहानी नगर पालिकाका प्रमुख हरि प्रसाद मंडल, उपमेयर मंजु साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मालगायत विभिन्न वडाध्यक्ष–मोहम्मद नाजिर मिया, रउफ राइन, कलीम अंसारी, शिव शंकर राय, अब्दुल गफ्फार, मदन चौधरी र रितेश मण्डल उपस्थित थिए ।

त्यसैगरी शिक्षा शाखा प्रमुख श्रीश मिश्रा, राम जीवन, सपोर्ट नेपालकी अध्यक्ष रोशना खड्का, उपाध्यक्ष सुनील मल्लिक, महोत्तरी जिल्ला संयोजक प्रकाश ठाकुर, धनुषा जिल्ला संयोजक शत्रुघ्न महतो, कार्यकारिणी सदस्य गंगा प्रसाद साह,सरस्वती शेर्पा र मटिहानी नगरपालिकाका राम जानकी, बजार टोल विकास संस्थाका पदाधिकारी तथा नागरिक सहायता कक्षका अनसू कुमार साह , रेडियो श्रोता क्लबका पदाधिकारी समेतको सहभागिता रहेको थियो।

जलेश्वरनाथको
दर्शन
गरौं ।



अनुरोधकर्ता
मटिहानी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday